# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०४) पोखरा, साउन ३२ गते, २०७८ साल (अतिरिक्ताङ्क १६(ख)


## भाग ३

गण्डकी प्रदेश सरकार

**शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको सूचना**

## सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापन कार्यविधि, २०७८

गण्डकी प्रदेशका सार्वजनिक स्थलमा कष्टपूर्ण जीवनयापन गर्न बाध्य व्यक्तिको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्दै गण्डकी प्रदेशलाई सडक आश्रित सहयोगापेक्षी मानवमुक्त प्रदेश बनाउन आवश्यक देखिएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ ।

परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम " **सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापन कार्यविधि, २०७८**" रहेको छ ।

(२) यो कार्यविधि गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकार, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(ख) "महाशाखा प्रमुख" भन्नाले मन्त्रालयको सामाजिक विकास महाशाखा प्रमुख सम्झनु पर्छ ।

(ग) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले दफा ७ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेश भित्रका गाउँपालिका, नगरपालिका र महानगरपालिकालाई सम्झनु पर्छ ।

(च) "सम्बन्धित संस्था" भन्नाले दफा १७ बमोजिम सम्झौता भएको संस्था सम्झनु पर्छ।

(छ) "सडक आश्रित सहयोगापेक्षी मानव" भन्नाले असहाय, अशक्त, वेसहारा, अनाथ, संरक्षकविहीन भई गण्डकी प्रदेशका विभिन्न सार्वजनिक स्थल तथा सडकपेटी, पाटीपौवा, मठमन्दिर, अस्पताल लगायतका स्थलमा कष्टपूर्ण जीवनयापन गर्न वाध्य व्यक्ति सम्झनु पर्छ ।

परिच्छेद -२

## उद्देश्य तथा उद्धार प्रक्रिया

३. **कार्यविधिको उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) घरपरिवारमा थुनिएर, बाँधिएर अमानवीय रूपमा जीवन जीउन बाध्य व्यक्तिको परिवारलाई दायित्व बोध गराई उचित रूपमा संरक्षणको वातावरण सिर्जना गर्नु,

(ख) निरोधात्मक तथा प्रबर्द्धनात्मक कार्यक्रम मार्फत कुनै व्यक्तिलाई सडकमा जीवनयापन गर्नुपर्ने अवस्थाको अन्त्य गर्नु,

(ग) सडक आश्रित सहयोगापेक्षी मानवको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गर्दै सडक आश्रित सहयोगापेक्षी मानवमुक्त प्रदेश घोषणा गर्नु ।

४. **उद्धार तथा व्यवस्थापन प्रक्रियाः** सडक आश्रित सहयोगापेक्षी मानवको अवस्था अध्ययन तथा उद्धार गर्दा दफा १७ को उपदफा (१) बमोजिम सम्झौता गरेको संस्थाले देहाय बमोजिमका प्रक्रिया पूरा गर्नु पर्नेछः-

(क) नियमित रूपमा सडक आश्रित सहयोगापेक्षी मानवको अवस्था अध्ययन तथा पहिचान गर्ने,

(ख) उद्धार कार्यक्रममा सम्भव भएसम्म स्थानीय जनप्रतिनिधि, प्रहरी र सरोकारवाला निकायलाई समेत सहभागी गराउने,

(ग) उद्धार गर्दा सम्भावित जोखिमलाई मूल्यांकन गरी बढी जोखिममा रहेका सहयोगापेक्षीलाई प्राथमिकताको आधारमा उद्धार गर्ने,

(घ) सहयोगापेक्षीको अन्तिम विकल्पको रुपमा उद्धार गरी यथासम्भव पारिवारिक पुनर्मिलन गराउने उद्देश्यले आश्रयको व्यवस्था मिलाउने,

(ङ) छ महिना भन्दा बढी आश्रममा रहेका तर पारिवारिक पुनर्मिलन सम्भव नभएकाको लागि पारिवारिक पुनर्मिलन सम्भव नहुनुका कारण खुलाई आश्रममा रहने व्यवस्था मिलाई सोको जानकारी मन्त्रालयलाई दिने ।

५. **अन्य स्रोतबाट प्राप्त जानकारीको आधारमा गरिने उद्धार प्रक्रियाः** अन्य स्रोतबाट प्राप्त जानकारीको आधारमा संस्थाले देहायको प्रक्रिया बमोजिम उद्धार गर्नेछः-

(क) कुनै पनि व्यक्ति, संघसंस्था, सामाजिक सञ्जाल वा पत्रपत्रिकाबाट उद्धार गर्नुपर्ने सहयोगापेक्षी मानवको बारेमा जानकारी प्राप्त भएमा उद्धारका लागि थप सूचनाको संकलन गर्ने,

(ख) सहयोगापेक्षी सडक मानव रहेको स्थानका स्थानीय व्यक्ति वा स्थानीय तहका जनप्रतिनिधि र सुरक्षा निकायका व्यक्ति समेतको उपस्थितिमा, निजको उद्धार गर्नुपर्ने स्पष्ट कारण खुलेको मुचुल्का वा उद्धार फाराम भरी उद्धार गर्ने र सोको जानकारी सम्बन्धित स्थानीय तहलाई दिने,

(ग) घरपरिवारले अमानवीय तरिकाबाट बाँधेर वा थुनेर राखेको पाइएमा त्यस्तो परिवारलाई सम्झाई बुझाई अस्पतालमा लगि उपचार गराउन प्रेरणा प्रदान गर्ने, आश्रमबाट हुनसक्ने परामर्श

सेवा उपलब्ध गराउने र सो गर्दा समेत अटेर गरेको पाईएमा सम्बन्धित सरोकारवाला निकायलाई लिखित जानकारी गराउने,

(घ) कुनै स्थानीय तहबाट उद्धारको लागि अनुरोध भई आएमा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी उद्धार गर्ने,

(ङ) उद्धार गर्दाको अवस्थाको मुचुल्का, स्थानीय तहको सिफारीस तथा अन्य कागजपत्र, सहयोगापेक्षीको उद्धार गर्ने क्रममा खिचिएको तस्वीर सुरक्षित रुपमा व्यक्तिगत फाइल बनाई स्थानीय जनप्रतिनिधि वा सम्बन्धित सरोकारवाला निकायबाट प्रमाणित गराई राख्ने ।

६. **उद्धारको प्राथमिकताः** उद्धार गर्दा देहाय बमोजिम सहयोगापेक्षीको उद्धारलाई प्राथमिकतामा राखिनेछः-

(क) मनोरोग वा मनोसामाजिक समस्या भएका, खुला आकाशमुनी रात विताउन बाध्य महिला,

(ख) खाने र बस्ने व्यवस्था नभएका अशक्त जेष्ठ नागरिक,

(ग) मनोरोग वा मनोसामाजिक समस्याको कारण स्वयं आफ्ना लागि केही गर्न नसक्ने अवस्थामा रहेका सडक आश्रित सहयोगापेक्षी मानव,

(घ) बालबालिकाको हकमा बालबालिका खोजतलास समन्वय केन्द्रलाई जानकारी गराउदा समेत उद्धार हुन नसकेका बालबालिका,

(ङ) दफा ७ बमोजिमको निर्देशक समितिले सिफारिश गरेका अन्य प्रकारका सडक आश्रित सहयोगापेक्षी मानव।

## परिच्छेद- ३

## समिति सम्बन्धी व्यवस्था

७. **निर्देशक समितिः** (१) सडक आश्रित सहयोगापेक्षी मानवको संरक्षण तथा व्यवस्थापन सम्बन्धमा नीतिगत समन्वय तथा सहजीकरण गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय -संयोजक

(ख) प्रमुख,पोखरा महानगरपालिका - सदस्य

(ग) सचिव, मन्त्रालय - सदस्य

(घ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ङ) प्रहरी नायव महानिरीक्षक, प्रदेश प्रहरी कार्यालय - सदस्य

(च) प्रतिनिधि, जिल्ला समन्वय समिति महासंघ, गण्डकी प्रदेश -सदस्य

(छ) प्रतिनिधि, नेपाल नगरपालिका संघ, गण्डकी प्रदेश -सदस्य

(ज) प्रतिनिधि, गाउँपालिका राष्ट्रिय महासंघ, गण्डकी प्रदेश -सदस्य

(झ) मन्त्रालयले तोकेको सरोकारवाला संस्थाको प्रतिनिधि -सदस्य

(ञ) महाशाखा प्रमुख -सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार मन्त्रालयका पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(३) समितिले बैठक सम्बन्धी कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

(४) समितिले दफा ९ बमोजिमको कार्यकारी समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(५) समितिको सचिवालयको काम मन्त्रालयको सामाजिक विकास महाशाखाले गर्नेछ।

८. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** दफा ७ को उपदफा (१) बमोजिम गठित कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सडक आश्रित सहयोगापेक्षी मानवहरूको व्यवस्थापनका निम्ति स्रोत साधन व्यवस्थापन सम्बन्धमा आवश्यक सहजीकरण गर्ने,

(ख) कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने,

(ग) समय-समयमा अनुगमन गर्ने ।

९. **कार्यकारी समितिः** (१) समितिलाई आवश्यक सहयोग गर्न देहाय बमोजिमको एक कार्यकारी समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) प्रमुख, सामाजिक विकास महाशाखा पोखरा महानगरपालिका -सदस्य

(घ) मन्त्रालयले तोकेको सम्बन्धित संस्थाको प्रतिनिधि -सदस्य

(ङ) प्रमुख, सामाजिक विकास महाशाखा, मन्त्रालय -सदस्य-सचिव

(२) कार्यकारी समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ।

(३) कार्यकारी समितिको बैठकमा आवश्यकता अनुसार सरोकारवाला वा सम्बन्धित स्थानीय तहका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

१०. **<u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकार:</u>** कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सडक आश्रित सहयोगापेक्षी मानवहरूको व्यवस्थापन गर्न आवश्यक प्रक्रियागत सहजीकरण गर्ने,

(ख) स्रोत व्यवस्थापनका लागि समन्वय गर्ने,

(ग) सडक आश्रित सहयोगापेक्षी मानवको व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(घ) निर्देशक समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ङ) सडक आश्रित सहयोगापेक्षी मानवको उद्धार, संरक्षण व्यवस्थापनमा स्थानीय तहहरू र सरोकारवाला निकायसँग समन्वय गर्ने,

(च) सडक आश्रित सहयोगापेक्षी मानवको अवस्था सम्बन्धमा नियमित अनुगमन गर्ने

(छ) सडक आश्रित सहयोगापेक्षी मानवको व्यवस्थापन सम्बन्धमा भएका कार्यहरु र प्रगति विवरण तयार गरी निर्देशक समिति समक्ष पेश गर्ने,

(ज) संस्थामा आश्रित व्यक्तिहरूले प्राप्त गरेका सेवाहरूको विश्लेषण गरी निर्देशक समिति समक्ष पेश गर्ने,

(झ) जीवनोपयोगी सीप सिक्न इच्छुक आश्रित व्यक्तिहरूको लागि कार्ययोजना तयार गरी मन्त्रालयमा पेश गर्ने,

(ञ) संस्थाले सम्झौता अनुसार काम गरे नगरेको अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ट) निर्देशक समितिले तोकेका अन्य कार्यहरु गर्ने।

## परिच्छेद- ४

## सेवाको प्रकार र स्रोत व्यवस्थापन

११. **सेवाको प्रकारः** (१) उद्धार गरिएका सडक आश्रित सहयोगापेक्षी व्यक्तिहरूको लागि संस्थाले सुरक्षित र संरक्षित वातावरणमा देहाय बमोजिमको सुविधा र सेवा प्रवाह गर्नेछः-

(क) सुरक्षित आवासको व्यवस्था,

(ख) लत्ता कपडा र दैनिक प्रयोगका सामाग्रीको व्यवस्था,

(ग) मनोसामाजिक परामर्श तथा मनोसामाजिक सेवाको व्यवस्था,

(घ) सरकारी अस्पतालमा स्वास्थ्य उपचार,

(ङ) कानूनी सहयोग तथा परामर्श,

(च) शिक्षा, सीप विकास, व्यवसायिक तालिम तथा क्षमता विकास,

(छ) निर्देशक समितिले तोके बमोजिम स्वरोजगारमूलक तालिम,

(ज) पुनर्स्थापना तथा पारिवारिक पुर्नमिलन,

(झ) निर्देशक समितले उपयुक्त ठानेको अन्य सेवाहरू,

(ञ) पालन पोषणका लागिः खाद्यान्न, तरकारी, फलफूल,

(ट) मनोरञ्जन, खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन ।

(२) उपदफा (१) बमोजिमको सेवा सञ्चालनको लागि मन्त्रालयले संस्थालाई सम्झौता बमोजिमको रकम उपलब्ध गराउनेछ ।

(३) थप स्रोत व्यवस्थापनका लागि संस्थाले अन्य संघसंस्था, निजि संस्था, व्यक्ति लगायत अन्य निकायबाट समेत सहयोग लिन सक्नेछ ।

१२. **स्रोत व्यवस्थापनः (१)** उद्धार गरिएका सडक आश्रित सहयोगापेक्षी मानवलाई सुरक्षित रूपमा संरक्षण तथा व्यवस्थापन गर्न प्रदेश सरकारबाट सालबसाली रूपमा विनियोजित बजेटबाट खर्च गरिनेछ।

(२) मन्त्रालयले कार्यक्रम कार्यान्वयन गर्दा स्वीकृत बजेटको परिधिभित्र रही थप आर्थिक व्ययभार नपर्ने गरी वा स्रोत सुनिश्चितता प्राप्त भएपछि मात्र सञ्चालन गर्नेछ ।

## परिच्छेद- ५

## निकायगत जिम्मेवारी

१३. **प्रदेश सरकारको भूमिकाः** कार्यक्रम कार्यान्वयन गर्ने प्रदेश सरकारको भूमिका देहायबमोजिम हुनेछः

(क) प्रदेश भित्रका सडक आश्रित सहयोगापेक्षी व्यक्तिको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि नीतिगत निर्णय गर्ने,

(ख) सडक आश्रित सहयोगापेक्षी मानवको आवासीय संरक्षण तथा व्यवस्थापनका लागि प्रदेशभित्रका संस्थाको भौतिक संरचना निर्माणमा आवश्यक सहयोग गर्ने,

(ग) सडक आश्रित सहयोगापेक्षी मानवको उद्धार, संरक्षण र व्यवस्थापन कार्यमा स्थानीय प्रहरी, प्रशासन र स्थानीय तहसँग समन्वय गर्ने,

(घ) प्रदेश भित्रका सडक आश्रित सहयोगापेक्षी व्यक्तिको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने,

(ङ) समय-समयमा सम्बन्धित संस्थाको अनुगमन, मूल्याङ्कन तथा नियमन गरी आवश्यक निर्देशन गर्ने,

(च) उद्धार गरिएका व्यक्तिहरुको अभिलेख विवरण तयार गर्ने ।

१४. **सम्बन्धित संस्थाको भूमिकाः** कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित संस्थाको भूमिका देहाय बमोजिम हुनेछः-

(क) दफा ११ बमोजिमको सेवा तथा मन्त्रालयसँग सम्पन्न गरिने सम्झौता बमोजिमको सेवा प्रदान गर्ने,

(ख) संस्थामा रहेका सडक आश्रित सहयोगापेक्षी व्यक्तिहरूको वैयक्तिक विवरण राख्ने र अद्यावधिक गर्ने,

(ग) सडक आश्रित सहयोगापेक्षी मानवको पहिचान, उद्धार, संरक्षण, पुनर्स्थापना लगायत व्यवस्थापनमा भएका कार्यहरूको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन मासिक, चौमासिक र वार्षिक रुपमा सम्बन्धित स्थानीय तह र मन्त्रालयमा पेश गर्ने,

(घ) उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तह र सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने ।

## परिच्छेद- ६
## संस्था छनौट, सम्झौता र नवीकरण

१५. **संस्था छनौट प्रक्रिया:** **(१)** मन्त्रालयले संस्था छनौटको लागि आवश्यक आधारहरु तयार गर्नेछ ।

(२) मन्त्रालयले प्रचलित कानुन बमोजिम दर्ता भएका सडक आश्रित सहयोगापेक्षी मानब उद्धारको क्षेत्रमा काम गरिरहेका संस्थाहरुको रोष्टर तयार गर्नेछ।

(३) उपदफा (२) बमोजिम तयार भएको रोष्टरको आधारमा सार्वजनिक सूचनाद्वारा प्रस्ताव माग गरिनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त हुन आएका प्रस्ताव मध्येबाट प्रचलित कानून बमोजिम प्रतिस्पर्धाको आधारमा संस्थाको छनौट गरिनेछ।

१६. **सम्झौता:** (१) दफा १५ को उपदफा **(१)** बमोजिम छनौट गरेको संस्थासँग मन्त्रालयले सम्झौता गर्नेछ।

(२) छनौट भई सम्झौता भएको संस्थाले तोकिएको मितिदेखि सडक आश्रित सहयोगापेक्षी मानव व्यवस्थापन र संरक्षण गर्ने कार्य सुरू गर्नेछ ।

**(३)** आवश्यकता अनुसार मन्त्रालयले उपदफा **(१)** बमोजिमको संस्थासँगको सम्झौताको नवीकरण गर्न सक्नेछ ।

**(४)** उपदफा **(१)** बमोजिम सम्झौता भएको संस्थाले मन्त्रालयसँग समन्वय र सम्पर्क गर्न सम्पर्क व्यक्ति तोक्नु पर्नेछ ।

**(५)** उपदफा **(१)** बमोजिम सम्झौता भएको संस्थाले सडक आश्रित सहयोगापेक्षी मानवको उद्धार, संरक्षण र व्यवस्थापनमा भएको कार्यहरूको प्रतिवेदन नियमित रूपमा मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम सम्झौता भए पश्चात दफा १८ को उपदफा (१) बमोजिम आवश्यक प्रक्रिया पूरा गरी गण्डकी प्रदेशलाई सडक आश्रित सहयोगापेक्षी मानव मुक्त प्रदेश घोषणा गरिनेछ ।

१७. **घोषणाका आधार सूचकहरू:** (१) दफा १६ को उपदफा (६) बमोजिम सडक आश्रित सहयोगापेक्षी मानवमुक्त प्रदेश घोषणा गर्दा अनुसूची-१ मा उल्लिखित सूचकहरू पूरा गरी घोषणा गरिनेछ ।

(२) घोषणा पश्चात अनुसूची-२ मा उल्लिखित मानवता प्रबर्द्धनका विषयमा जिम्मेवार निकाय र सम्बन्धित सरोकारवालाले प्रतिबद्धता जनाउनेछन् ।

## परिच्छेद- ७

## विविध

१८. **अनुगमनः** (१) यस कार्यविधि बमोजिमको संस्थाको अनुगमन मन्त्रालयले गर्न सक्नेछ ।

(२) सम्बन्धित स्थानीय तहले उपदफा (१) बमोजिम सञ्चालित संस्थाको आवधिक अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालयमा पठाउनुपर्नेछ।

१९. **लेखापरीक्षण तथा सामाजिक परीक्षणः** यस कार्यविधि बमोजिम संस्थाले प्राप्त गरेको बजेट रकमको खर्चको लेखा राख्ने, प्रचलित कानून वमोजिम लेखा परीक्षण गर्ने गराउने र सामाजिक परीक्षण गराउने दायित्व सम्बन्धित संस्थाको हुनेछ ।

२०. **समन्वय तथा मार्गदर्शनः** यस कार्यविधि बमोजिम रकम प्राप्त गरी सञ्चालनमा रहेका संस्थाको व्यवस्थित र प्रभावकारी सञ्चालनका लागि मन्त्रालयले समय समयमा सम्बन्धित स्थानीय तहलाई आवश्यक समन्वय तथा मार्गदर्शन गर्न सक्नेछ।

२१. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउनेछ ।

## अनुसूची-१

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

**सूचकहरु**

**सडक आश्रित सहयोगापेक्षी मानवमुक्त गण्डकी प्रदेश घोषणा गर्नका लागि आधार सूचकहरू**

१. प्रदेश सरकारको योजना, वार्षिक नीति तथा कार्यक्रममा सडक मानवमुक्त प्रदेश घोषणा गर्ने विषय समावेश भएको,

२. उद्धार तथा पारिवारिक पुनर्मिलन, पुनर्स्थापना एवम् सडक मानव व्यवस्थापनमा समर्पित संघसंस्थाहरूको संस्थागत तथा पूर्वाधार सुदृढीकरणका कार्यक्रम सञ्चालन भईरहेका,

३. मानवता प्रबर्द्धनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन भईरहेका,

४. सार्वजनिक स्थलमा सहयोगापेक्षी मानव नहुनु र कुनै किसिमले भएमा तुरून्त उद्धार गर्न सक्ने संयन्त्र तयार हुनु,

५. सहयोगापेक्षी व्यक्तिहरूको आश्रयसहितको संरक्षण तथा व्यवस्थापनका लागि भौतिक संरचना निर्माणको कार्य प्रारम्भ हुनु ।

**सडक आश्रित सहयोगापेक्षी मानवमुक्त मान्ने अवस्था**

| सि नं | सार्वजनिक स्थल वा सडक छेउमा भेटिने मानवहरूको प्रकृति | उद्धार गरी पुनर्स्थापना गर्ने जिम्मेवारी | सहयोगापेक्षी सडक मानवमुक्त मान्ने अवस्था |
|---|---|---|---|
| १ | खुला आकाशमुनि रात विताउन विवश घरपरिवारविहीन, परिवार तथा समाजबाटै परित्यक्त, बेसहारा, अनाथ, अपाङ्गता भएका, अशक्त, असाहय, | सम्बन्धित स्थानका नागरिक, वडा कार्यालय, सुरक्षा इकाइको सहयोगमा मानव सेवा आश्रम वा अन्य पुनर्स्थापना केन्द्र | फेला परेको सूचना पाएकै दिन (२४ घण्टाभित्र) आश्रम वा पुनर्स्थापना केन्द्रमा गई सुरक्षित आश्रय पाएको हुनेछ । |

| | | | |
|---|---|---|---|
| | मनोरोगी तथा जीवन नै सङ्कटमा रहेका तथा जुनसुकै उमेर समूहका साहाराको आवश्यक भएका मानवहरू | | |
| २ | मजदुरी गरी न्यूनतम पारिश्रमिकबाट जीवनयापन गर्न नसकी अस्तव्यस्त रुपमा सार्वजनिक स्थल र सडकमा भेटिने श्रमिकहरू वा कामदार व्यक्तिहरू | रोजगारदाताले नै सेल्टरको व्यवस्था गर्नुपर्ने । | सम्बन्धित रोजगारदाताले सूचना पाएको २४ घण्टाभित्र सडकबाट उठाई मानवीय र वैकल्पिक व्यवस्था गर्ने । |
| ३ | जाँड रक्सी, लागूपदार्थ सेवन गरी सडक छेउ वा सार्वजनिक संरचनाहरूमा अशोभनीय रुपमा बस्ने, सुत्ने गरेका व्यक्तिहरू | प्रहरी, प्रशासनले हटाउने तर नगर प्रहरी, वडा कार्यालय र अन्य सुरक्षा निकायले पनि परिवारमा वा मानव सेवा आश्रममा पठाउन सहयोग गर्ने | फेला परेको २४ घण्टाभित्र सार्वजनिक स्थलमा बस्न छाडेको हुनेछ । |
| ४ | फिरन्ते मानवहरू वा तीर्थव्रत वा धर्मका लागि आएका व्यक्तिहरू | स्थानीय नागरिक र सुरक्षा निकायले निजलाई धर्मशालामा जान सहयोग, समन्वय गर्ने | सूचना प्राप्त भएको २४ घण्टाभित्र निज व्यक्तिहरू धर्मशालामा पुगेका वा अन्यत्र व्यवस्थापन गरेको हुनेछन् |

| | | | |
|---|---|---|---|
| ५ | पेसेवर मगन्तेहरूको रुपमा रहेर वा प्रयोगमा ल्याइएर सार्वजनिक स्थल र सडकमा अस्तव्यस्त रुपमा जीवनयापन गर्ने । | स्थानीय तह, सुरक्षा निकाय वा मानव सेवा आश्रम, नागरिक परामर्श गरी स्थायी ठेगानामा पुनर्स्थापना वा पुनर्मिलनका लागि पठाउने। | फेला परेको २४ घण्टाभित्र |

## अनुसूची-२

(दफा १७ को उपदफा (२) सँग सम्बन्धित)

### मानवता प्रवर्द्धनका लागि प्रतिबद्धता जनाउनु पर्ने विषयहरू

(क) सरकारका तीनवटै तहको नीति तथा कार्यक्रम तर्जुमा गर्दा मानवता तथा मानव सेवाको विषयलाई महत्वका साथ समेट्ने,

(ख) युवाहरूमा मानवीयता सम्बन्धी औपचारिक र अनौपचारिक शिक्षाको माध्यमबाट समेट्ने,

(ग) मानवता र नैतिकताका विषयहरूको जोड दिने,

(घ) परिवारका सदस्यहरूको रेखदेखका लागि उपयुक्त व्यवस्था गर्नुपर्ने,

(ङ) समुदायमा ज्येष्ठ नागरिकहरू विश्रामस्थल बनाउन अन्य रचनात्मक गतिविधिमा सहभागी हुनका लागि आवश्यक व्यवस्था गर्नुपर्ने,

(च) सार्वजनिक स्थलमा वा सडकमा कोही असहाय वा सहयोगापेक्षी व्यक्ति फेला परेमा सम्वन्धित पालिका वा त्यस अन्तर्गतको वडा कार्यालय वा नजिकको प्रहरी इकाईमा सूचना गर्ने,

(छ) ज्येष्ठ नागरिकहरूलाई उपचारको सहज व्यवस्था र असहाय एवम् वेवारिसे व्यक्तिहरूलाई आश्रयस्थलसम्म पुऱ्याउन सहयोग गर्ने,

(ज) सबैखाले तालिम कार्यक्रम तथा अभिमुखीकरण कार्यक्रममा मानवता प्रवर्द्धनसँग सम्बन्धित विषय समावेश गर्ने,

(झ) सार्वजनिक स्थान, विद्यालय तथा क्याम्पसहरूमा मानवता प्रवर्द्धनसम्वन्धी नाटक एवम् उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्ने,

आज्ञाले,
विनोद बहादुर कुँवर
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय, पोखरा नेपाल। मूल्य रु.२५।-